

# अध्याय -८

## पुरानो करारका भविष्यवाणीहरू पूरा हुनु

यस अध्यायमा मुख्य पदहरू: यूहन्ना ५:१७,२०,३६-४०,४६,४७; यूहन्ना १३:१८; यूहन्ना १७:१२; यर्मिया २:१३; जकरिया ९:९; यूहन्ना ८:१२-३०।

<u>*यस अध्यायको मूल सार पद*</u>*: "तर मसँग जो गवाही छ, त्यो यूहन्नाको भन्दा ठूलो छ। किनकि जुन कामहरू पूरा गर्न पिताले मलाई दिनुभएको छ, ती काम म गरिरहेको छु, अनि तिनैले मेरो विषयमा गवाही दिइरहेछन् कि पिताले मलाई पठाउनुभएको हो।" यूहन्ना ५:३६।*

येशूले के गर्नुभयो र के भन्नुभयो, त्यसले येशू नै ख्रीष्ट वा मसीह (हाम्माशियाक hammashiach) हुनुहुन्छ र उहाँ इस्राएलमा आउनुभएको थियो भन्ने ठोकुवा यूहन्नाको पुस्तकभरि बारम्बार गरेको हामीले अध्ययन गऱ्यौं। धर्मशास्त्रमा भविष्यवाणी गरेकै अनुसार उहाँ यहूदी घरानमा जन्मिनु भएर यहूदी हुनुभएको थियो।

तैपनि यूहन्नाले लेखे, "उहाँ संसारमा हुनुहुन्थ्यो। संसार उहाँबाट नै सृष्टि गर्नुभएको थियो, तर संसारले उहाँलाई चिन्दै चिनेनन्।" यूहन्ना १:१०।

उहाँ संसारमा हुनुहुन्थ्यो, त्यो संसार उहाँले नै सृष्टि गर्नुभएको थियो तर संसारले उहाँलाई चिन्न सकेन? यो चकित पार्ने भनाइ हो। धेरै यहूदीहरूले उहाँको बारेमा थाहा पाउनु पर्ने भएतापनि थाहा पाएन भनेर यूहन्ना र अरू सुसमाचारका पुस्तकहरूमा उल्लेख गरेका छन्। उहाँ को हुनुहुन्छ भनेर उहाँले अलौकिक वा अचम्मका कामहरू गरेर चिन्ह देखाएतापनि धर्मै नाउँमा

पनि कठोर हृदय भएका मानव जातिले उहाँ मसीह नै हुनुहुन्छ भनेर चिन्न सकेनन्। पुरानो करारले उहाँलाई औँल्याएतापनि धर्मले गर्दा अन्धो भएका यहूदी धर्मगुरु, पण्डित, शास्त्री र पुजारीहरूले उहाँलाई पचाउन सकेनन्।

येशू नै मसीह हुनुहुन्छ भन्ने थप प्रमाणहरू यूहन्नाले ठम्याएका यस अध्यायमा हामी हेर्नेछौँ। कतिपय मानिसहरूले उहाँलाई बेवास्ता वा तिरस्कार गरेतापनि उहाँ नै ख्रीष्ट हुनुहुन्छ भनेर अडान लिने कारणहरू हामी नियाल्नेछौँ।

*तिनीहरूका भूलहरूले हामी के सिक्न सक्छौँ?*

## १. चिन्हहरू, अलौकिक कामहरू र उहाँका सेवाकार्यहरू

येशू मसीह नै हुनुहुन्छ भनेर विशेष अलौकिक वा आश्चर्य कामहरूद्वारा यूहन्नाले उल्लेख गरेका थिए। तर त्यसको थपमा चिन्ह, सेवाकार्य र अलौकिक वा आश्चर्य कामहरूको बारेमा यूहन्नाले विस्तृत विवरण प्रस्तुत गरेका छन्।

आश्चर्य, अलौकिक, चकित पार्ने कामहरू गर्‍यो भन्दैमा तिनीहरूले येशू नै मसीह हुनुहुन्छ भनेर प्रमाण गर्दैन, किनभने धेरै अगमवक्ता र कतसिउ समयमा मानिसहरूलाई आफूतिर आकर्षित गराउन कठित वा झुठो अगमवक्ता, धर्मगुरु आदिहरूले पनि अचम्म काम गरेर देखाएका छन्। यूहन्नाले उल्लेख गरेका चिन्हहरूमा येशू अलौकिक, चमत्कार वा आश्चर्य काम गर्ने महापुरुष मात्र भनेर औँल्याएका छैन।

जुन चिन्हहरू यूहन्नाले लेखे तिनीहरूले येशूका विशेष गुण वा स्वभावलाई औँल्याएर उहाँ नै मसीह हुनुहुन्छ भनेर देखाएका छन्। त्यति मात्र नभएर उहाँ परमेश्वर पिताबाट नै आउनुभएको हो भनेर उनले प्रमाणित गर्न खोजेका छन्।

**विभिन्न चिन्हहरूलाई मध्यनजरमा राखेर देहायका पदहरू पढ्नुहोस्। तिनीहरूले येशू र परमेश्वर पिताको बिचमा कस्तो सम्बन्ध छ भनेर कसरी खुलाइएको छ? हेर्नुहोस् यूहन्ना ५का केही पदहरू,"१७ तब येशूले तिनीहरूलाई भन्नुभयो, "मेरा पिताले अहिलेसम्म काम गरिरहनुभएको छ, र म पनि काम गरिरहेछु।"... १९ येशूले तिनीहरूलाई भन्नुभयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु, पुत्र आफैले केही गर्न सक्दैन, तर पिताले जे गर्नुभएको देख्छ त्यही मात्र गर्छ, किनकि पिताले जे गर्नुहुन्छ, पुत्रले त्यसै गर्छ। २० किनभने पिताले पुत्रलाई प्रेम गर्नुहुन्छ, र उहाँ आफैले गरिरहनुभएका सबै काम पुत्रलाई देखाउनुहुन्छ। यीभन्दा महान् काम उहाँले पुत्रलाई देखाउनुहुनेछ, र तिमीहरू आश्चर्यचकित**

**हुनेछौ। २१ किनभने जसरी पिताले मृतकहरूलाई उठाउनुहुन्छ र तिनीहरूलाई जीवन दिनुहुन्छ, त्यसरी नै पुत्रले पनि जसलाई इच्छा गर्दछ, त्यसलाई जीवन दिँदछ। २२ किनकि पिताले कसैको न्याय गर्नुहुन्न, तर सबै न्याय गर्ने काम पुत्रलाई दिनुभएको छ, २३ ताकि सबैले पुत्रको आदर गरून्, जसरी तिनीहरूले पिताको आदर गर्दछन्। पुत्रको आदर नगर्नेले उसलाई पठाउनुहुने पिताको पनि आदर गर्दैन।... ३६ "तर मसँग जो गवाही छ, त्यो यूहन्नाको भन्दा ठूलो छ। किनकि जुन कामहरू पूरा गर्न पिताले मलाई दिनुभएको छ, ती काम म गरिरहेको छु, अनि तिनैले मेरो विषयमा गवाही दिइरहेछन् कि पिताले मलाई पठाउनुभएको हो। ३७ मलाई पठाउनुहुने पिता आफैले मेरो विषयमा गवाही दिनुभएको छ। उहाँको सोर तिमीहरूले कहिले सुनेका छैनौ, अनि उहाँको रूप कहिले देखेका छैनौ। ३८ उहाँको वचन तिमीहरूमा रहँदैन, किनभने जसलाई उहाँले पठाउनुभयो, तिमीहरू उहाँमाथि विश्वास गर्दैनौ।"**

आफू परमेश्वर पितासँग सहमत भएर काम गरिरहेको छ भनेर येशूले विभिन्न चिन्ह वा कामहरूद्वारा प्रकट गर्नुभएको थियो। उहाँकै कामले पिता उहाँसँग र उहाँ पितासँग छ भनेर प्रमाणित गरेका थिए (यूहन्ना १०:३८, १४:१०,११)।

यस संसारमा येशू आउनुभएको लक्ष नै उहाँलाई पठाउनेका कामहरू गर्नु हो। ती कामहरूले संसारलाई परमेश्वरको महिमा गराउँछ साथै उहाँकै कामहरूले उहाँ पिताबाट आउनुभएको हो भनेर स्पष्ट रूपमा गवाही दिएका थिए।

यद्यपि, उहाँका प्रभाकारी र शक्तिशाली चिन्ह र गवाहीहरूको बाबजुद पनि कति मानिसहरूले उहाँलाई विश्वास नगर्न निर्णय गरेका थिए।

धार्मकि अगुवाहरूले येशूलाई आफ्ना जिज्ञासा राखेका थिए र उहाँले तिनीहरूको बारेमा आफ्नो स्पष्ट धारणा पनि राख्नुभएको थियो,"२४ यहूदीहरूले उहाँका चारैपट्टि भेला भएर सोधे, "कहिलेसम्म तपाईं हामीलाई दोधारमा राख्नुहुन्छ? तपाईं ख्रीष्ट हुनुहुन्छ भने हामीलाई स्पष्ट भनिदिनुहोस्।" २५ येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "मैले तिमीहरूलाई भनिसकेको छु, तर तिमीहरू विश्वास गर्दैनौ। मेरा पिताको नाउँमा जे काम म गर्दछु, तिनैले मेरो गवाही दिन्छन्। २६ तर तिमीहरू विश्वास गर्दैनौ, किनभने तिमीहरू मेरा भेड़ामध्येका होइनौ। २७ "मेरा भेड़ाहरूले मेरो सोर सुन्छन्, र तिनीहरूलाई म चिन्छु, र तिनीहरू मेरो पछि आउँछन्। २८ तिनीहरूलाई म अनन्त जीवन दिन्छु, र तिनीहरू कहिल्यै नष्ट हुनेछैनन्, र कसैले तिनीहरूलाई मेरो हातबाट खोसी लैजानेछैन। २९ मेरा पिताले ती मलाई दिनुभएको छ; उहाँ सबैभन्दा

महान् हुनुहुन्छ। पिताको हातबाट कसैले तिनीहरूलाई खोसी लानेछैनन्। ३० पिता र म एक हौं।" यूहन्ना १०:२४-३०।

यदि येशूले सिधै आफू मसीह हुँ भनेर घोषणा गर्नुभएको भए ती धार्मिक अगुवाहरू उहाँमाथि जाइ लागेर धुलोपिठो गर्दथे। त्यो थाहा पाएर येशूले तिनीहरूलाई आफ्नो कामतिर औँल्याउनुभएको थियो। यदि उहाँ नै ख्रीष्ट हुनुहुन्छ भनेर भन्नुभएको भए तिनीहरूले सरासर उहाँलाई अस्वीकार गर्न सक्थे। तर उहाँले गर्नुभएका चिन्हहरू, कामहरू र अलौकिक वा आश्चर्यका कामहरूलाई तिनीहरूले कसरी अस्वीकार गर्न सक्थे र? उहाँका ती कामहरूले नै उहाँ कहाँबाट आउनुभएको हो भन्ने सबूत प्रमाण दिएका थिए।

***यहूदी वा अन्य धर्मगुरुहरूको जस्तो हामी पनि कठोर हृदय नहुनबाट हामी कसरी जोगिने? कुन तरिकाहरूबाट हामीले पनि हाम्रो जीवनमा परमेश्वरको कामसँग हामी कुष्टि खेलिरहेका छौं होला?***

## २. धर्मशास्त्रको आधिकारिक भूमिका

येशू मसीह नै हुनुहुन्छ भनेर प्रमाणित गर्न यूहन्नाले विभिन्न विशेष चिन्ह र गवाहीहरू प्रस्तुत गरेर औँल्याएका थिए। येशू ख्रीष्टको कामलाई पुष्टि गर्न पुरानो करारका अख्तियार, दावी र उहाँको बारेमा गरेका भविष्यवाणीहरू पनि हेर्नुपर्छ भनेर यूहन्नाले मानिसहरूलाई अनुरोध गरेका थिए। यूहन्नाको सुसमाचारमा मात्र होइन सम्पूर्ण नयाँ करारको केन्द्र पुरानो करार हो। येशूको कामको आधिकारिक पुष्टि, उहाँ को हुनुहुन्छ, उहाँ कहाँबाट आउनुभएको हो, उहाँले के गर्नुभयो, र उहाँले के गर्नुहुनेछ ती सबै धर्मशास्त्रकै आधारमा थिए। त्यो धर्मशास्त्र हो पुरानो करार।

**पुरानो करार वा धर्मशास्त्रको आधिकारकताको बारेमा येशूको मनस्थिति कस्तो थियो? हेर्नुहोस् यूहन्ना ५का केही पदहरूः "३८ उहाँको वचन तिमीहरूमा रहँदैन, किनभने जसलाई उहाँले पठाउनुभयो, तिमीहरू उहाँमाथि विश्वास गर्दैनौ। ३९ तिमीहरू धर्मशास्त्रमा खोजी गर्दछौ, किनभने त्यहाँ अनन्त जीवन पाइन्छ भनी तिमीहरू ठान्छौ। मेरो विषयमा गवाही दिने ती नै धर्मशास्त्र हुन्, ४० तापनि तिमीहरू जीवन प्राप्त गर्न मकहाँ आउन इन्कार गर्छौ।... ४५ "यो नसम्झ, कि म पिताको सामु तिमीहरूलाई दोष लाउनेछु। तिमीहरूलाई दोष लाउने त मोशा छन्, जसमा तिमीहरूले आफ्ना आशा राखेका छौ। ४६ किनभने तिमीहरूले मोशालाई विश्वास गरेका भए मलाई पनि विश्वास गर्नेथियौ, किनकि**

**उनले मेरो विषयमा लेखेका थिए। ४७ तर तिमीहरू उनले लेखेका कुराहरू विश्वास गर्दैनौ भने, मेरा वाणी कसरी विश्वास गर्छौ?"**

आफू को हुँ भनेर प्रमाणित गराउन येशूले बारम्बार धर्मशास्त्रको आधिकारिकतालाई औँल्याउनुभएर उहाँको बारेमा साक्षी दिने त्यही हो भनेर जिकिर गर्नुभएको थियो। आफूलाई औँल्याउन र आफूले के काम गरेको छ त्यसको पुष्टि गर्न येशूले पुरानो करारलाई नै प्रयोग गर्नुभएको थियो। उदाहरणमा उहाँले गन्ती २१:५-९ को घट्ना लिनुहुन्छ जसमा लेखिएको छ, "५ तब तिनीहरूले परमेश्वर र मोशाको विरुद्धमा यसो भन्न लागे, "यस उजाड़-स्थानमा मर्न हामीलाई तपाईंहरूले किन मिश्रदेशबाट ल्याउनुभयो? यहाँ रोटी छैन, यहाँ पानी पनि छैन। यस तुच्छ खानेकुरादेखि त हामीलाई वाक्कै लागिसक्यो।" ६ तब परमप्रभुले ती मानिसहरूका बिचमा विषालु सर्पहरू पठाइदिनुभयो, र सर्पले मानिसहरूलाई डसे, र इस्राएलीहरूका धेरै जना मरे। ७ अनि मोशाकहाँ आएर मानिसहरूले भने, "परमप्रभु र तपाईंको विरुद्धमा बोलेर हामीले पाप गरेका छौं। उहाँले हामीबाट यी सर्पहरू हटाइदिऊन् भनी परमप्रभुलाई प्रार्थना गर्नुहोस्।" तब मोशाले ती मानिसहरूका निम्ति प्रार्थना गरे।

८ परमप्रभुले मोशालाई भन्नुभयो, "तिमीले विषालु सर्पको एउटा प्रतिमा बनाएर त्यसलाई एउटा खामामा झुण्ड्या। सर्पले डसेकाहरूले त्यसलाई हेरेपछि तिनीहरू बाँच्नेछन्।" ९ तब मोशाले एउटा काँसाको सर्प बनाएर त्यसलाई एउटा खामामा झुण्डयाए। सर्पले डसेका सबैले काँसाको सर्पलाई हेरेपछि बाँचे।"

यसैलाई औँल्याएर येशूले धर्मगुरु निकोदिमसलाई यसरी सम्झाउनुभएको थियोः " १४ जसरी मोशाले उजाड-स्थानमा सर्पलाई उचाले, त्यसरी नै मानिसको पुत्र उचालिनुपर्छ, १५ र जस-जसले उहाँमाथि विश्वास गर्छ, त्यसले अनन्त जीवन पाउँछ।" यूहन्ना ३:१४-१५। येशूले पुरानो कथालाई ल्याउनुभएको होइन यसले आफूलाई नै औँल्याएको हो भनेर पुष्टि गर्नुभएको थियो। कथाले के भन्न खोजेको हो, त्यसको आधिकारिक व्याख्यालाई उहाँले आफूतिरै सोझ्याउनुभएको थियो।

येशू मात्र होइन, अरूले पनि यहाँको बारेमा पुरानो करारलाई औँल्याएका थिए। यूहन्नाको पुस्तकको सुरुमा फिलिपले भनेका थिए, "फिलिपले नथानेललाई भेट्टाएर भने, "जसको विषयमा मोशाले व्यवस्थामा र अगमवक्ताहरूले पनि लेखेका थिए, योसेफका पुत्र नासरतका येशूलाई हामीले भेट्टाएका छौं।" यूहन्ना १:४५।

देहायका पदहरू पढ्नुहोस्। धर्मशास्त्रको अख्तियार वा आधिकारिकतालाई येशू र यूहन्नाले कसरी बुझेका थिए? हाम्रो आस्थामा धर्मशास्त्र बाइबलले कस्तो निर्णायक भूमिक खेल्ने रहेछ भनेर ती पदहरूले हामीलाई कसरी सम्झाउँछ? हेर्नुहोस्, "मैले तिमीहरू सबैका विषयमा भनिरहेको होइनँ, मैले कसलाई छानेको हुँ तिनलाई म चिन्छु। तर धर्मशास्त्र पूरा होस् भनेर यो भयो, कि 'मेरै रोटी खानेले ममाथि आफ्नो लात उठायो।' " यूहन्ना १३:१८; " ११ "म फेरि संसारमा रहँदिनँ, तर यिनीहरू त संसारमा रहन्छन्। मचाहिँ तपाईंकहाँ आइरहेछु। पवित्र पिता, तपाईंले मलाई दिनुभएको तपाईंको नाउँमा तिनीहरूलाई सुरक्षित राख्नुहोस्, र हामी जस्तै तिनीहरू पनि एक होऊन्। १२ जबसम्म म तिनीहरूसँग थिएँ, तपाईंले मलाई दिनुभएको तपाईंको नाउँमा तिनीहरूलाई सुरक्षित राखें। तिनीहरूको रक्षा गरें। अनि तिनीहरूमध्ये विनाशको छोराबाहेक अरू कोही नष्ट भएन, किनकि धर्मशास्त्र पूरा हुन आवश्यक थियो।" यूहन्ना १७:११-१२ र " २३ जब सिपाहीहरूले येशूलाई क्रूसमा टाँगे, तब तिनीहरूले उहाँका वस्त्र लिएर प्रत्येक सिपाहीलाई एक-एक भाग हुने गरी चार भाग गरे। उहाँको बाहिरी वस्त्र पनि लिए, तर त्यो वस्त्रचाहिँ सिउनी नभएको माथिदेखि तलसम्मै बुनेको सग्लो थियो। २४ यसकारण तिनीहरूले आपसमा भने, "योचाहिँ नच्यातौं, तर यो कसको हुने हो भनी चिट्ठा हालौं।" धर्मशास्त्र पूरा होस् भनेर नै यो भएको थियो: "तिनीहरूले मेरो वस्त्र आफू-आफूमा बाँड़े, र बाहिरी वस्त्रमा चाहिँ चिट्ठा हाले।" २५ यसकारण सिपाहीहरूले यो काम गरे।

अनि येशूको क्रूसको नजिक उहाँकी आमा, उहाँकी आमाकी बहिनी, क्लोपासकी पत्नी मरियम र मरियम मग्दलिनी उभिरहेका थिए। २६ जब येशूले आफ्नी आमालाई र उहाँले माया गर्नुहुने चेला नजिकमा उभिरहेका देख्नुभयो, तब उहाँले आफ्नी आमालाई भन्नुभयो, "नारी, हेर्नुहोस्, तपाईंको छोरो!" २७ तब त्यस चेलालाई पनि उहाँले भन्नुभयो, "हेर, तिम्री आमा!" त्यस बेलादेखि त्यस चेलाले उनलाई आफ्नै घरमा लगे। २८ यसपछि येशूले सबै कुरा अब सिद्धिए भनी जानेर धर्मशास्त्र पूरो होस् भनी भन्नुभयो, "मलाई तिर्खा लाग्यो।" २९ त्यहाँ सिर्काले भरिएको एउटा भाँड़ो राखिएको थियो। यसकारण सिर्काले भरिएको स्पञ्ज एउटा हिसपको हाँगामा राखेर तिनीहरूले उहाँको मुखमा पुऱ्याइदिए। ३० जब येशूले सिर्का लिनुभयो, तब उहाँले भन्नुभयो, "अब सिद्धियो," र उहाँले शिर निहुराएर आफ्नो आत्मा त्यागिदिनुभयो। ३१ त्यो दिन तयारीको दिन थियो। यसकारण यहूदीहरूले शबाथमा (विशेष गरी यस शबाथमा, जुनचाहिँ

महत्त्वपूर्ण थियो) मृत शरीरहरू क्रूसमा नरहून् भनी पिलातसलाई बिन्ती गरे, र तिनीहरूका खुट्टा भाँचेर तिनीहरूका शरीर लगिऊन् भनी माग गरे। ३२ तब सिपाहीहरू आएर उहाँसँग क्रूसमा टाँगिएकाहरूका खुट्टा भाँचे, पहिले एक जनाका, त्यसपछि अर्काका। ३३ जब तिनीहरू येशूकहाँ आए तिनीहरूले देखे, कि उहाँको मृत्यु अघि नै भइसकेको रहेछ, र उहाँका खुट्टा भाँचेनन्। ३४ तर सिपाहीहरूमध्ये एक जनाले उहाँको कोखामा भालाले घोच्यो, र तुरुन्तै रगत र पानी निस्क्यो। ३५ तिमीहरू पनि विश्वास गर्न सक भनी यो देख्नेले गवाही दिएको हो र उसको गवाही साँचो छ, र साँचो बोल्दछु भनी ऊ जान्दछ। ३६ "उहाँको कुनै पनि हड्डी भाँचिनेछैन" भन्ने धर्मशास्त्रको वचन पूरा होस् भनेर यी कुरा हुन आए। ३७ अनि फेरि अर्को ठाउँमा धर्मशास्त्र भन्छ, "जसलाई तिनीहरूले घोचेका छन्, तिनीहरूले उहाँलाई हेर्नेछन्।" यूहन्ना १९:२३-३७।

*बाइबलको आधिकारिकता वा अख्तियारलाई न्युनिकरण गर्न वा पन्छाउन के के शक्तिहरू लागेका छन् जसले गर्दा बाइबलप्रति हाम्रो आस्थालाई कमजोर बनाउन प्रयास गर्दछ? सोच्नुहोस्।*

## ३. येशूको बारेमा पुरानो करारका भविष्यवाणीहरूः भाग १

यहूदी धर्मका अगुवाहरूसँग आफ्नो पहिचानको बारेमा छलफल गर्नुहुँदा उहाँले धर्मशास्त्रको अख्तियार वा आधिकारिकतामा आफ्नो अडान लिनुभएको थियो। झट्ट हेर्दा उहाँले त्यो गर्नु अनावश्यक जस्तो देखिन्छ किनकि ती धार्मिक अगुवाहरूले धर्मशास्त्रमा विश्वास गर्दथे। तैपनि उहाँले तिनीहरूसँग धर्मशास्त्रको प्रभुत्वलाई जोर दिनुभएको थियो। तिनीहरूको हृदयमा जे भएतापनि उहाँले धर्मशास्त्र बाइबलबाट नै आफ्नो आगमन र लक्षलाई प्रमाणित गर्नुभएको थियो। तर ती धर्मगुरुहरूले तिनीहरूकै विवेकसँग कुस्ती खेलिरहेका थिए।

फेरि त्यसै समय, यूहन्नाले येशूलाई औँल्याइएका पुरानो करार उहाँमा पूरा भएको र उहाँ नै मसीह हुनुहुन्छ भन्ने प्रमाणहरू प्रस्तुत गरेका छन्। उहाँ नै धर्मशास्त्रमा प्रतिज्ञा गरिएको मसिह हुनुहुन्छ भनेर उनले जिकिर गर्दछन्।

**यहाँ उल्लेख गरेका पदहरूमा नयाँ करार र पुरानो करार कसरी जोडिएका छन् भनेर देखाएको छ। येशू नै मसीह हुन् भनेर नयाँ करारले गरेको जिकिरमा पुरानो करारले कसरी समर्थन गर्दछ? हेर्नुहोस्ः**

अ. उनले भने "यशैया अगमवक्ताले भनेझैं, 'परमप्रभुको मार्ग तयार पार' भनी उजाड-स्थानमा कराउने एक व्यक्तिको म आवाज हुँ।" यूहन्ना १:२३

सँग यशैया ४०:३ " कसैले बोलाइरहेको एउटा आवाज सुनिन्छः "मरुभूमिमा परमप्रभुको निम्ति बाटो तयार गर। उजाड़-स्थानमा हाम्रा परमेश्वरको निम्ति मूलबाटो समतल बनाऊ।"

आ "१६ ढुकुर बेच्नेहरूलाई उहाँले भन्नुभयो, "यहाँबाट यी सब थोक लैजाओ। मेरा पिताको भवनलाई व्यापारको घर नतुल्याओ।" १७ उहाँका चेलाहरूलाई धर्मशास्त्रमा लेखिएको यो कुरा याद भयो, "तपाईंका भवनको जोशले मलाई जलाउनेछ।" यूहन्ना २:१६-१७सँग भजन ६९:९ " किनकि तपाईंका भवनको जोशले मलाई जलाएको छ, तपाईंलाई निन्दा गर्नेहरूको निन्दा ममाथि आइपरेको छ।"

इ "अब चाड़को पछिल्लो दिन, अर्थात् चाड़को प्रमुख दिनमा, उभिएर येशूले उच्च स्वरमा यसो भन्नुभयो, "यदि कोही तिर्खायो भने त्यो मकहाँ आओस् र पिओस्। जसले ममाथि विश्वास गर्दछ, धर्मशास्त्रले भनेअनुसार 'त्यसको अन्तस्करणबाट जिउँदो पानीका खोलाहरू बगिनिस्कनेछन्'।" यूहन्ना ७:३७-३८सँग यर्मिया २:१३ "मेरा प्रजाले दुई वटा पाप गरेका छन्: मलाई, जिउँदो पानीको मूललाई, तिनीहरूले त्यागेका छन्, र पानी नरहने फुटेका कुण्डहरू आफ्ना निम्ति खनेका छन्।

ई "३४ तर सिपाहीहरूमध्ये एक जनाले उहाँको कोखामा भालाले घोच्यो, र तुरुन्तै रगत र पानी निस्क्यो। ३५ तिमीहरू पनि विश्वास गर्न सक भनी यो देख्नेले गवाही दिएको हो र उसको गवाही साँचो छ, र साँचो बोल्दछु भनी ऊ जान्दछ। ३६ "उहाँको कुनै पनि हड्डी भाँचिनेछैन" भन्ने धर्मशास्त्रको वचन पूरा होस् भनेर यी कुरा हुन आए। ३७ अनि फेरि अर्को ठाउँमा धर्मशास्त्र भन्छ, "जसलाई तिनीहरूले घोचेका छन्, तिनीहरूले उहाँलाई हेर्नेछन्।" यूहन्ना १९:३६,३७ सँग गन्ती ९:१२" तिनीहरूले भोलिपल्ट बिहानसम्म त्यसबाट केही पनि बाँकी नराखून्। त्यसको कुनै हाड़ पनि नभाँचून्। निस्तारचाड़को सबै नियमअनुसार तिनीहरूले मानून्।" र "अनि म दाऊदको घराना र यरूशलेमका बासिन्दाहरूमाथि अनुग्रह र नम्र-निवेदन गर्ने आत्मा खन्याउनेछु। तिनीहरूले मलाई हेर्नेछन्, जसलाई तिनीहरूले घोचेका छन्, र जसरी एकमात्र छोराको लागि कोही शोक गर्दछ, त्यसरी नै तिनीहरू उनको लागि शोक गर्नेछन्, पहिले जन्मेको पुत्रको निम्ति गरेजस्तै शोक गर्नेछन्।" जकरिया १२:१०।

येशूको जीवन, मृत्यु, पुनरुत्थान र परमेश्वरको सिहाँसनमा जामुभएको येशू पुरानो करारकै भविष्यवाणीहरू पूरा भएका हुन् भने यूहन्नाले मात्र होइन पत्रुस, पावल, मर्कुस, लुका र नयाँ करारका सबै लेखकहरूले पवित्र आत्माको अगुवाइमा बारम्बार उल्लेख गरेका छन्।

*येशूले चेलाहरूलाई पुरानो करारतिर निरन्तररूपमा उहाँको सेवाकार्यको बारेमा औंल्याउनुभएतापनि अन्तमा तिनीहरूले कहिले बुझ्न सकेका थिए? उहाँको मृत्यु, पुनरुत्थान र तिनीहरूको सामु देखा पर्नुभएपछि मात्र तिनीहरूले बुझ्न सकेका थिए। " यहूदीहरूले भने, "यस मन्दिरलाई निर्माण गर्न छयालीस वर्ष लाग्यो, र के तपाईं यसलाई तीन दिनमा खड़ा गर्न सक्नुहुन्छ र?" तर जुन मन्दिरको विषयमा उहाँ बोल्नुभएको थियो, त्यो उहाँको शरीर थियो। जब उहाँ मृतकबाट उठाइनुभयो, तब येशूले भन्नुभएको यो कुरा चेलाहरूलाई स्मरण भयो, र तिनीहरूले धर्मशास्त्रमाथि र येशूले बोल्नुभएको वचनमाथि विश्वास गरे।" यूहन्ना २:२०-२२ र " ३ तब पत्रुस र अर्को चेला बाहिर निस्केर चिहानतिर गए। ४ ती दुवै सँगसँगै दगुरे, तर अर्को चेला पत्रुसलाई उछिनेर चिहानमा अगाडि आइपुग्यो। ५ चिहानभित्र निहुरेर हेर्दा, तिनले अघि बेह्रेका सूती कपड़ाहरू मात्र पड़िरहेका देखे, तर तिनी भित्र पसेनन्। ६ सिमोन पत्रुस त्यसको पछिपछि आए, र चिहानभित्र पसे, अनि तिनले पनि मलमलका बेह्रने कपड़ाहरू मात्र त्यसै पड़िरहेका देखे। ७ उहाँको शिरमा बाँधिएको रूमालचाहिँ मलमलका कपड़ाहरूसँग थिएन, तर अलग्गै एक ठाउँमा पट्याएर राखिएको थियो। ८ तब चिहानमा पहिले आइपुग्ने अर्को चेला पनि भित्र पसे, र त्यो देखेर तिनले विश्वास गरे। ९ किनभने तिनीहरूले उहाँ मृतकबाट जीवित भई उठ्नुपर्छ भन्ने धर्मशास्त्रको वचन अहिलेसम्म बुझेका थिएनन्।" यूहन्ना २०:३-९।*

## ४. येशूको बारेमा पुरानो करारका भविष्यवाणीहरूः भाग २

येशूले बाइबलका ज्ञाता, धर्मगुरु, शास्त्री, पुजारी, पण्डितहरूलाई यो मन्तव्य व्यक्त गर्नुभयो, "तिमीहरू धर्मशास्त्रमा खोजी गर्दछौ, किनभने त्यहाँ अनन्त जीवन पाइन्छ भनी तिमीहरू ठान्छौ। मेरो विषयमा गवाही दिने ती नै धर्मशास्त्र हुन्, तापनि तिमीहरू जीवन प्राप्त गर्न मकहाँ आउन इन्कार गर्छौ।" यूहन्ना ५:३९-४०। आफ्नो बारेमा गर्नुभएको येशूको दावी यो कस्तो अकल्पनीय, अद्भुत र शानदार हो यो?

कतिपय बाइबलका ज्ञाता वा विद्वानहरूले यो अनुमान गरेका छन् कि नाजरथको येशूले पुरानो करारको सयौं भविष्यवाणीहरू पूरा गर्नुभएको छ।

जति धेरै अनुमान गरेतापनि मानिसको बारेमा गरिएको भविष्यवाणी थोरै मात्र पूरा भएतापनि त्यो त अचम्मै मान्नुपर्दछ। कहिलेकाहीँ कसैले यो धारणा राख्दछः अमेरिकाका धेरै राज्य वा प्रदेशहरूमा टेक्सास एउटा पनि हो। यसको आकार २६८, ५९७ वर्गाकार माइल छ अर्थात् ६९५, ६६२ किलोमिटर छ (नेपाल केवल ५६९५७ माइल वा १४७,५१७ किलोमिटर वर्गमिटर मात्र छ)। कसैले टेक्सास साइजको आकारमा दुई फिट लामो सिक्का वा पैसा चाङ्ग लगाउँछ र एउटा सिक्कालाई प्याजी रङ्ग लगाउँछ, र एक जना मानिसलाई आँखामा पट्टि बाँधेर त्यसलाई त्यो प्याजी रङ्गको सिक्का टिप्नु भनेर अऱ्हायो रे? उसले त्यस प्याजी रङ्ग सिक्कालाई टिप्यो भने के त्यो विचित्र वा भयङ्कर अनौठो हुँदैन र?

येशू ख्रीष्टको जन्म, जीवन, र मृत्युको बारेमा पुरानो करारमा भविष्यवाणी गरेका थिए र त सबै येशूले पूरा गर्नुभएर अपेक्षा गरिएको मसीह उहाँ नै हुनुहुन्छ भनेर ठम्याउनु यो कस्तो चकित पार्ने प्रमाण हो? ती पुरानो करारका भविष्यवाणीहरू बारम्बार औँल्याएर येशू को हुनुहुन्थ्यो, किन उहाँलाई विश्वास गर्नुपर्छ र उहाँले प्रदान गर्नुभएको मुक्तिलाई किन ग्रहण गर्नुपर्छ भनेर यूहन्नाले हाम्रो सामु प्रस्तुत गर्दछन्।

**येशू नै मसीह हो भनेर ठोकुवा गर्न उहाँको बारेमा भविष्यवाणीहरू पूरा भएको यूहन्नाले देहायका पदहरूले देखाएको पढ्नुहोस्ः**

**अ. "१२ भोलिपल्ट चाड़मा आउने ठूलो भीड़ले येशू यरूशलेममा आउँदैहुनुहुन्छ भन्ने सुन्यो, १३ र मानिसहरू खजूरका हाँगाहरू लिएर उहाँलाई स्वागत गर्न कराउँदै निस्के, "होसन्ना! धन्य परमप्रभुको नाउँमा आउने इस्राएलका राजा!" यूहन्ना १२:१२-१३संग "२५ हे परमप्रभु, हामीलाई बचाउनुहोस्, हे परमप्रभु, हामीलाई सफलता दिनुहोस्। २६ परमप्रभुको नाउँमा आउने धन्यको हो। परमप्रभुको भवनबाट हामी तिमीहरूलाई आशीर्वाद दिन्छौं। २७ परमप्रभु नै परमेश्वर हुनुहुन्छ, र उहाँले हामीमाथि आफ्नो प्रकाश चम्कन दिनुभएको छ। हातमा स्याउला लिएर शोभायात्रामा वेदीका सीङहरूसम्म हर्षसाथ जाओ।" भजन ११८:२५-२७;**

**आ. यूहन्ना १२:१४,१५ "१३ र मानिसहरू खजूरका हाँगाहरू लिएर उहाँलाई स्वागत गर्न कराउँदै निस्के, "होसन्ना! धन्य परमप्रभुको नाउँमा आउने इस्राएलका राजा!" १४ अनि गधाको एउटा बछेड़ो भेट्टाएर येशू त्यसमाथि चढ्नुभयो, जस्तो लेखिएको छ, १५ "सियोनकी छोरी, नडराऊ। हेर, तिम्रा**

राजा गधाको बछेड़ामाथि सवार भएर आउँदैहुनुहुन्छ।" संग " हे सियोनकी छोरी, खूब रमाऊ। हे यरूशलेमकी छोरी, जोरसित कराऊ! हेर, तिम्रा राजा तिमीकहाँ आउँदैहुनुहुन्छ। उहाँ धर्मात्मा र मुक्तिदाता हुनुहुन्छ। उहाँ भला हुनुहुन्छ, र गधामाथि, अर्थात् गधाको बच्चा एउटा बछेड़ामाथि सवार भएर आउँदैहुनुहुन्छ।" जकरिया ९:९;

इ. यूहन्ना १३:१८ "मैले तिमीहरू सबैका विषयमा भनिरहेको होइनँ, मैले कसलाई छानेको हुँ तिनलाई म चिन्छु। तर धर्मशास्त्र पूरा होस् भनेर यो भयो, कि 'मेरै रोटी खानेले ममाथि आफ्नो लात उठायो।' "संग "मैले भरोसा गरेको मेरो परममित्रसमेत, जसले मेरै रोटी खान्थ्यो, त्यसले मेरो विरुद्धमा लात उठाएको छ।" भजन ४१:९।

ई. यूहन्ना १९:३७ "अनि फेरि अर्को ठाउँमा धर्मशास्त्र भन्छ, "जसलाई तिनीहरूले घोचेका छन्, तिनीहरूले उहाँलाई हेर्नेछन्।" संग "अनि म दाऊदको घराना र यरूशलेमका बासिन्दाहरूमाथि अनुग्रह र नम्र-निवेदन गर्ने आत्मा खन्याउनेछु। तिनीहरूले मलाई हेर्नेछन्, जसलाई तिनीहरूले घोचेका छन्, र जसरी एकमात्र छोराको लागि कोही शोक गर्दछ, त्यसरी नै तिनीहरू उनको लागि शोक गर्नेछन्, पहिले जन्मेको पुत्रको निम्ति गरेजस्तै शोक गर्नेछन्।" जकरिया १२:१० र "कसैले त्यसलाई 'तिम्रो शरीरमा भएका यी चोटचाहिँ के हुन्?' भनी सोधे भने, त्यसले जवाफ दिनेछ, 'यी मेरा मित्रहरूको घरमा मैले पाएका चोटहरू हुन्'।"जकरिया १३:६।

***येशूलाई विश्वास जसले पनि गर्न सक्छ र यथार्थम सैतान र उसका दुष्ट आत्माहरूले पनि उहाँलाई विश्वास गर्छन् तर तपाईंको विश्वासचाहीं केमा अडिग भएको छ? यदि कसैले तपाईंलाई येशू नै मसीह हुनुहुन्छ र उद्धारकर्ता हुनुहुन्छ भनेर कसरी प्रमाणित गर्न सक्नुहुन्छ भनेर चुनौती गर्दा तपाईंले के जवाफ दिने? तपाईं आफ्नो विश्वासमा अडान हुन वा पक्षमा उभिन त्यसलाई कहाँ औंल्याउनुपर्छ?***

## ५. मुनिबाट

येशू नै मसीह हुनुहुन्छ भन्ने प्रतिज्ञा गरिएको महान् आशा यहूदी जातिले हेरिरहेको थियो भन्ने धारणाको अध्ययन यूहन्नाले अहिलेसम्म दिएको हामीले गऱ्यौं। यद्यपि, यहूदी धर्मका अगुवा, पण्डीत, पुजारी, महापुजारी वा मानिसहरूलाई आत्मिक रूपमा अगुवाइ गर्ने बाइबलका विज्ञहरू नै येशूका महान् शत्रु हुन पुगेको थियो।

## किन त?

यूहन्ना ८:१२-३० पढ्नुहोस्। येशू र ती धर्मका अगुवाहरूको बिचमा के महान् मतभेद भएको थियो? धेरैले उनलाई अश्वीकार वा तिरस्कार किन गरे भनेर कुन पदहरूले तपाईंलाई बुझाउँछ? हेर्नुहोस्: "१२ येशूले फेरि तिनीहरूलाई भन्नुभयो, "म संसारको ज्योति हुँ। मलाई पछ्याउने अन्धकारमा हिँड्डुल गर्नेछैन, तर त्यसले जीवनको ज्योति पाउनेछ।" १३ तब फरिसीहरूले उहाँलाई भने, "तिमी आफ्नै विषयमा गवाही दिइरहेछौ। तिम्रो गवाही सत्य ठहर्दैन।" १४ येशूले जवाफ दिनुभयो, "म आफ्नै विषयमा गवाही दिन्छु, तापनि मेरो गवाही सत्य छ। म जान्दछु, म कहाँबाट आएको हुँ, र म कहाँ गइरहेछु। तर तिमीहरू जान्दैनौ, म कहाँबाट आउँछु, वा कहाँ गइरहेछु। १५ तिमीहरू मानव दृष्टिले न्याय गर्दछौ। म कसैको न्याय गर्दिनँ। १६ मैले न्याय गरें भने पनि, मेरो न्याय सत्य ठहरिन्छ। किनभने न्याय गर्ने म एक्लै छैनँ, तर म छु, र मलाई पठाउनुहुने पिता हुनुहुन्छ। १७ तिमीहरूको व्यवस्थामा पनि दुई मानिसको गवाही सत्य ठहरिन्छ भनी लेखिएको छ। १८ आफ्नो विषयमा म आफै गवाही दिन्छु, र मलाई पठाउनुहुने पिताले मेरो विषयमा गवाही दिनुहुन्छ।" १९ तिनीहरूले उहाँलाई भने, "तिम्रा पिता कहाँ छन्?" येशूले जवाफ दिनुभयो, "तिमीहरू न त मलाई चिन्छौ न मेरा पितालाई। तिमीहरूले मलाई चिनेका भए मेरा पितालाई पनि चिन्नेथियौ।" २० यी कुरा उहाँले मन्दिरमा शिक्षा दिनुहुँदा भेटी चढ़ाउने ढुकुटीको छेउमा भन्नुभएको हो। अनि कसैले उहाँलाई पक्रेन, किनभने उहाँको समय अझ आएको थिएन। २१ उहाँले फेरि तिनीहरूलाई भन्नुभयो, "म गइहाल्छु, र तिमीहरूले मलाई खोज्नेछौ, र तिमीहरू आफ्ना पापमा मर्नेछौ। जहाँ म जान्छु, तिमीहरू आउन सक्दैनौ।" २२ यहूदीहरूले भने, "यिनले त आत्महत्या पो गर्ने हुन् कि क्या हो? किनभने यिनले 'जहाँ म जान्छु तिमीहरू आउन सक्दैनौ' भनी भन्छन्।" २३ अनि उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू तलका हौ। म माथिको हुँ। तिमीहरू यस संसारका हौ। म यस संसारको होइनँ। २४ मैले तिमीहरूलाई भनें, 'तिमीहरू आफ्ना पापमा मर्नेछौ,' किनभने म उही हुँ भनेर तिमीहरूले विश्वास गरेनौ भने आफ्ना पापमा मर्नेछौ'।" २५ तिनीहरूले उहाँलाई सोधे, "तिमी को हौ त?" येशूले तिनीहरूलाई भन्नुभयो, "म उही हुँ, जो मैले तिमीहरूलाई सुरुदेखि नै भन्दैछु। २६ मैले तिमीहरूका विषयमा भन्नु र न्याय गर्नु धेरै नै छ। तर मलाई पठाउनुहुने सत्य हुनुहुन्छ, र उहाँबाट मैले जे सुनें ती नै कुरा म संसारलाई भन्दछु।" २७ पिताको विषयमा उहाँले भन्नुभएको हो भनी

**तिनीहरूले बुझेनन्। २८ यसकारण येशूले भन्नुभयो, "जब तिमीहरूले मानिसको पुत्रलाई माथि उचाल्नेछौ, म उही हुँ भनी तिमीहरूले थाहा पाउनेछौ, र म आफ्नै अधिकारमा केही गर्दिनँ, तर पिताले सिकाउनुभएका कुराहरू बोल्दछु भनी जान्नेछौ। २९ मलाई पठाउनुहुने मसँग हुनुहुन्छ। उहाँले मलाई एकलै छोड्नुभएको छैन, किनभने म सधैँ उहाँलाई प्रसन्न तुल्याउने काम गर्दछु।" ३० उहाँले यी कुरा बोल्नुहुँदा धेरैले उहाँमाथि विश्वास गरे।"**

ती धर्मगुरुहरूले न त उहाँलाई न त उहाँका पितालाई चिनेका छन् भनेर येशूले ठोकुवा गर्नुहुन्छ (यूहन्ना ८:१९)। तिनीहरूले दुवै थाहा पाउनुपर्ने हो तर ती मानिसहरू आफ्नो मात्र भाउ खोज्ने भएकोले आफूले आफैलाई धोका दिइरहेका थिए। तिनीहरू आफ्नै धर्मकर्म, विधि, परम्परा, संस्कृति, संस्कार, धारणा, विद्या वा दर्शनहरूमा लटपटिएका थिए कि तिनीहरूकै अगाडि येशूले धेरै अलौकिक वा आश्चर्य कामहरू गर्नुभएतापनि वा जे सिकाएतापनि र शक्तिशाली रूपमा परमेश्वर पिता प्रकट हुनुभएतापनि तिनीहरूले अझै पनि उहाँलाई अस्वीकार वा तिरस्कार गरेका थिए। किन त?

येशूले तिनीहरूको बारेमा यसरी भण्डाफोर गर्दै आफ्नो बारेमा जानकारी दिनुभएको थियो, "तिमीहरू तलका हौ। म माथिको हुँ। तिमीहरू यस संसारका हौ। म यस संसारको होइनँ।" यूहन्ना ८:२३। अर्थात् तिनीहरू जतिसुकै धर्मशास्त्रका विद्वानहरू र देखावटी रूपमा धेरै धर्मी देखाएतापनि तिनीहरू तिनीहरू सचमुच रूपमा आत्मिक र ईश्वरीय वा धर्मात्मा होइनन् रे! यस विषयमा पावलले पनि यसरी समर्थन गर्छन्, " भक्तिको भेषचाहिँ लिने, तर त्यसको शक्तिलाई इन्कार गर्ने हुनेछन्।" २ तिमोथी ३:५। तिनीहरूको चरित्र र व्यवहारले बाहिरी रूपमा धर्मी देखाएतापनि तिनीहरू भित्री रूपमा खोक्रा हुन्। तिनीहरूले आफ्नो विवेकले के विश्वास गरिरहेको छ सो तिनीहरूलाई नै थाहा छैन।

यो कुनै नयाँ कुरो होइनः "परमप्रभुले यसो भन्नुहुन्छ, "यी मानिसहरू मुख देखाउन मेरो नजिक आउँछन् र ओठले मेरो आदर गर्छन्, तर तिनीहरूको हृदय भने मदेखि टाढ़ा छ। मप्रतिको तिनीहरूको आराधना केवल मानिसहरूले सिकाएका विधिहरू हुन्।" यशैया २९:१३। परमेश्वरको यो धारणालाई येशूले शताब्दीयौं पछि यसरी प्रतिध्वनी गर्नुभएको थियो, " ६ तब उहाँले तिनीहरूलाई भन्नुभयो, "यशैयाले तिमी कपटीहरूका विषयमा ठीकसँग यसरी अगमवाणी गरे, जस्तो लेखिएको छ, 'यस जातिले मलाई ओठले मात्र आदर गर्छ, तर तिनीहरूको हृदय मदेखि टाढ़ा छ। ७ तिनीहरू व्यर्थमा मेरो उपासना गर्दछन्,

तर तिनीहरूका शिक्षा मानिसहरूले सिकाएका विधि मात्र हुन्।' ८ तिमीहरू परमेश्वरको आज्ञालाई त्यागेर मानिसहरूका परम्परा मान्छौ।" मर्कूस ७:६-८। तिनीहरूका मानवीय शिक्षादीक्षा, परम्परा, संस्कार, विद्या र दर्शनहरू यस संसारका थिए (यूहन्ना ८:२३)। येशूले आफ्नो बारेमा यसरी ठोकुवा गर्नुभएको थियो, "म यस संसार वा पृथ्वीको त हुँदै होइन।" यूहन्ना ८:२३। ती मानिसहरू आफूले आफैलाई धोका दिने त खराब नै छ, तर दुःखलाग्दो त यो छ कि तिनीहरू आफू मात्र होइन अरूलाई पनि धोका दिइरहेका छन् र बराली रहेका छन्। तैपनि, यूहन्नाले लेख्दछन् कि धेरैले उहाँलाई विश्वास गरे। येशू र धर्मगुरुहरूको वादविवादमा धेरै प्रभावित भएका थिए।

धर्मको नाउँमा खराब नेतृत्व अवस्थित भएतापनि धेरै मानिसहरू ती धर्मगुरुहरूभन्दा प्रगतिशील भएर येशूलाई चिन्न सक्षम् भएका थिए।

***धार्मिक अगुवाहरू र येशूको बिचमा भएको वार्तालाभले तपाईं के सिक्न सक्नुहुन्छ? हामी पनि यस संसारको होइन तर माथिबाट हुन कसरी रोज्ने?***

## उपसंहारः

**थप जानकारीः** *द डिजाएर अभ एजेजको* **पृ. ६६२-६६०को "लेट नट योर हर्ट बी ट्रोबुल्द"।**

"परमेश्वरका अनमोल र सुनौलो सम्पत्ति जस्तो सत्य यहूदी जातिलाई सुम्पिएको थियो। यहूदीहरूको आर्थिक व्यवस्थापन स्वर्गको लालमोहर लगाएको थियो। यसलाई येशू ख्रीष्ट आफैले स्थापना गर्नुभएको थियो। विभिन्न प्रतिक र चिन्हहरूद्वारा मुक्तिका महान् सत्यहरूलाई उघारेका छन्। तैपनि जब येशू आउनुभयो तब ती सबै प्रतिक र चिन्हहरूले औंल्याएको येशूलाई ती धर्मगुरुहरूले चिन्न सकेनन्। तिनीहरूकै हातमा परमेश्वरको वचन थियो अझ लिखित रूपमा। तर तिनीहरूका परम्परा वा सनातनको नाउँमा एक पुष्टादेखि अर्को पुष्टा र बाइबलको मानवीय वाख्याको कारणले येशूमा भएको सत्यलाई तिनीहरूबाट लुकाइको थियो। पवित्र शास्त्रको आत्मिक ज्ञान हराएको थियो। ज्ञानका सबै भन्डारहरू तिनीहरूको सामु खुला गरिएको थियो तर तिनीहरूलाई थाहा थिएन।

"यथार्थमा भन्ने हो भने परमेश्वरले उहाँको सत्यलाई मानिसहरूबाट छिपाउनुहुन्न। तिनीहरूको आफ्नै काम, व्यवहार, निर्णयले परमेश्वरका सत्यहरूलाई ढाकछोप गरिरहेकाछन्। आफू मसीह हुँ भनेर यहूदी जातिलाई प्रशस्त प्रमाणहरू येशूले दिनुभएको थियो। तर उहाँका शिक्षा केवल सुन्ने मात्र

नभएर तिनीहरूको जीवनमा निर्णायक परिवर्तन गर्न माग गर्दछ। यदि तिनीहरूले येशूलाई ग्रहण गरे तिनीहरूले परम्परा वा सनातनको नाउँमा हृदयमा सजाइ राखेका सिद्धान्त र नीतिहरूलाई त्यागनुपर्दथ्यो। तिनीहरूको स्वार्थी, आफ्नो भाउ खोज्ने, अरूलाई दवाउने अधर्मी व्यवहारलाई तिनीहरूले हुत्तै फ्याँक्नु पर्दथ्यो। अपरिवर्तनशील, अतुलनीय र अनन्तको सत्यलाई ग्रहण गर्न मानिसले आफ्नो अहँलाई त्याग्नै पर्छ। त्यसकारण, ख्रीष्टमा स्थापित भएको सत्यलाई परमेश्वरले प्रमाणित नै गर्नुभएतापनि ती गुरुहरू वा जातिले ग्रहण गर्न चाहेनन्। तिनीहरूले पुरानो करारलाई विश्वास गर्छु भनेर दावी गरेतापनि धर्मशास्त्रबाट येशूको जीवन र चरित्रलाई देखाएको सत्यलाई तिनीहरूले ग्रहण गर्न सकेनन्। यदि तिनीहरू येशूतिर लागेर जीवन परिवर्तन गरियो भने तिनीहरूका दर्शन, पूर्वअनुमान, परम्परा, मानिसहरूबाट पाउने सम्मान वा कदर तिनीहरूले गुमाउनेछन् भन्ने त्रासमा तिनीहरू परिरहेका थिए। तिनीहरूको माझमा सुसमाचारका अथाह सम्पत्ति, बाटो, सत्य र जीवन थियो, तैपनि स्वर्गले प्रदान गर्न सक्ने सबभन्दा महान उपहारलाई ग्रहण गर्न त्यस यहूदी जातिले अस्वीकार गरे।"-एलेन जी. ह्वाइट, *क्राइष्ट अबजेक्ट लेसनस्,* पृ. १०५।

**चिन्तनमनन:**

**अ. येशूको बारेमा गरिएका भविष्यवाणीहरू पूरा भएको थाहा पाउँदा हाम्रो आस्था उहाँमा कसरी निर्माण हुन्छ?**

**आ. येशूलाई विश्वास नगर्न धार्मिक अगुवाहरूमा भएका केही बाधाहरू सोच्नुहोस्। आज पनि ती नीतिहरू हाम्रो समाजमा कसरी प्रकट भइरहेकाछन्?**

**इ. तपाईंको आस्था केमा अडिएको छ सो तपाईंले व्यक्तिगत हिसाबले हेर्नुहोस्। तपाईंको विश्वास अझ बलियो बनाउन के के कदमहरू तपाईंले चाल्न सक्नुहुन्छ?**

**ई. बाइको आधिकारिता वा अख्तियारको बारेमा तपाईंको धारणा के छ? हामीलाई शङ्कामा घचेटिने र बाइबलको आधिकारितालाई न्युनीकरण गर्ने कुनै पनि तत्वलाई हामीले किन अस्वीकार गर्नुपर्छ र त्यसबाट हामी सजग हुनुपर्दछ?**

## कथा ८

## जर्जिया देशको  राजधानी टिब्लिसीमा परमेश्वरको ठिक समय

जुरबले आफूलाई इसाई ठानेका थिए। तर उनको गर्ने धर्म नै भूतपूर्व सोभियतसङ्गको राज्य जर्जियामा रहेको क्याथोलिक गिर्जाघरभित्र रहेको वेदीमा दियो बाल्ने मात्र थियो। त्यो नै परमेश्वरसँगको सम्बन्ध हो भनेर उनले विश्वास गरेका थिए।  उनीसँग बाइबल त थियो तर बाइबल पढ्नुपर्छ भन्ने ध्यान उनमा थियो। त्यो बाइबल केवल धुलो लागेको छ भनेर सफा गर्न मात्र उठाउँथे। चर्चमा धुप वा दियो बाले मात्र उनले आफ्नो धर्म पूरा भएको उनको सोचाइमा थियो।

तर एक दिन उनको अन्तरविवेकले उनलाई घचघचाउन थाल्यो, "यदि म इसाई हुँ भने मैले बाइबल किन नपढेको?" अनि उनमा बाइबल पढ्ने चाहना बढ्न थाल्यो। उनले बाइबललाई लिएर सुरुदेखि अन्तसम्मै पढे। उनले सातौं दिनको साबथको बारेमा पहिलो पल्ट पढे। अचम्म मानेर उनले त्यसको बारेमा अरू जानकारीहरू अनलाइनमा पढे। उनले यु-ट्युबमा करिब १००वटा प्रवचनहरू सुने। त्यसमा बाइबलकै अनुसार स्पष्ट रूपमा एक जना प्रचारकले बाइबल सिकाएका थिए। उनले भने कि आफू सेभेन्थ-डे एडभेन्टिस्ट हुँ र आफ्नो चर्चमा दुई करोडभन्दा बेसी मानिसहरूले हप्ताको सातौं दिन साबथलाई पालना गर्छन्।

जुरबले एडभेन्टिस्टको बारेमा कहिल्यै पनि सुनेका थिएनन्। जब उनले एडभेन्टिस्टको बारेमा सुने तब आफू पनि एडभेन्टिस्ट हुने चाहना हुन थाल्यो। जर्जिया देशका मानिसहरूले एडभेन्टिस्टहरू इसाई सम्प्रदायका होइनन् भनेर सोच्दछन्। उनले इन्टरनेटमा शनिबारमा आराधना गर्ने र बाइबल अनुसार सत्यहरू सिकाउने अर्को चर्च छ कि भनेर खोजे तर उनले जति खोजे पनि भेट्टाएनन्।

एक दिन साबथ बिहान जर्जियो राजधानी टिब्लिसीमा रहेको एडभेन्टिस्ट चर्चमा आइपुगे। चर्चको ढोका बाहिर उनी उभेर बसे। भित्र जाने कि नजाने भन्ने दोधारमा उनी थिए। तब ढोका खोलियो र कसैले उनलाई भित्र आउन अनुरोध गऱ्यो। भित्र चर्चमा जुरबले न्यानो सत्कार पाए। "के एडभेन्टिस्ट चर्चमा तपाईं पहिलो पल्ट आउनुभएको हो?' कसैले सोध्यो। "हो, यो मेरो पहिलो पटक," भनेर जुरबले जवाफ दिए।

"कस्तो राम्रो, हाम्रो सुसमाचारीय कार्यक्रममा पनि आउनुहोस्," अर्कोले भन्यो। त्यही दिन बेलुकादेखि चर्चले सुसमाचारीय कार्यक्रम गर्ने योजना बनाएको थियो। बिहानको आराधना कार्यक्रममा जुरबले भाग लिए र बेलुका पनि सुसमाचारीय भेलामा भाग लिए। त्यस पछि उनी दुई हप्तासम्म हरेक बेलुका त्यस कार्यक्रममा सरिक भए। अनि उनले बप्तिस्मा लिए।

आज एक वर्षपछि ३६ वर्षका जुरबले परमेश्वरसँग नयाँ सम्बन्ध गाँसिएको छ। उनले दिनदिनै बाइबल पढ्छन् र आफ्नी श्रीमती र दुई छोराहरूले बाइबलको बारेमा सुनाउँछन्। तिनीहरू पनि उनीसँग साबथमा चर्च जान्छन्। सबै थोक कसरी मिल्न आयो भनेर थाहा पाउँदा जुरबलाई अचम्म लागेको छ-बाइबल पढ्ने चाहना, अनलाइनबाट प्रचारकले साबथको बारेमा सिकाएको ज्ञान र उनको चर्चमा आएको र त्यही दिन सुसमाचारीय कार्यक्रम सुरु भएको।

उनी कुनै मिसनका प्रचारकको अग्रसर्तामा चर्च गएका थिएनन्। तर चर्चका सदस्यहरूले उनलाई गरिएको सत्कारले गर्दा आफू घरमा नै आएको अनुभव गरे।

"सबै थोक असलकै निम्ति हुने रहेछ," उनले बताए।

त्रैमासिक साबथको भेटीको भाग जर्जियाको स्वास्थ्य निकाय केन्द्र निर्माणको निम्ति गएको थियो।